**गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः२०७८।०४।०६**

# मायादेवी गाउँपालिकाको

# आर्थिक सहायता वितरण सम्बन्धी कार्यविधि,२०७८

**मायादेवी गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय

पकडी, कपिलवस्तु

**लुम्बिनी प्रदेश, नेपाल**

**प्रस्तावना** : मायादेवी गाउँपालिका क्षेत्र भित्र रहेका विपन्न तथा गरिबीको रेखामुनी रहेका, दीर्घरोग लागेका तथा सामाजिक कुरीतिबाट पीडित व्यक्तिलाई आर्थिक सहायता दिन आर्थिक सहायता वितरण सम्बन्धी कार्यविधि तयार गर्न वाञ्छनीय भएकोले मायादेवी गाउँपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम " मायादेवी गाउँपालिका आर्थिक सहायता वितरण सम्बन्धी कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि दुरुन्त लागु हुनेछ ।

**२. परिभाषा** : विषय प्रसंगले अर्को अर्थ नलागेमा

क) **"गाउँपालिका"** भन्नाले मायादेवी गाउँपालिकालाई सम्झुन पर्दछ ।

ख) **"गाउँ कार्यपालिका"** भन्नाले मायादेवी गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

ग) **"आर्थिक सहायता पाउन योग्य व्यक्ति"** भन्नाले गरिबीको रेखामुनी रहेको भनि प्रमाणित भएका मुटु, मृगौला, फोक्सो, कलेजो लगायतका गम्भिर प्रकृतिका रोग लागेका, प्राकृति प्रकोपबाट पीडित तथा सामाजिक कृरितीबाट पीडित व्यक्तिलाई सम्भिmनु पर्दछ ।

घ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले मायादेवी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

ङ) **"गाउँपालिका प्रमुख"** भन्नाले मायादेवी गाँउपालिकाको गाउँपालिका अध्यक्षलाई सम्झनुपर्छ ।

## परिच्छेद २

## आर्थिक सहायता वितरण सम्बन्धी मापदण्ड

२. निवेदन दिनु पर्ने :

(१) यस कार्यविधि अनुसार आर्थिक सहायता पाउने व्यक्ति वा संस्थाले प्रमाण सहित सम्बन्धीत वडाको सिफारिस समेत संलग्न राखि गाउँपालिका अध्यक्षलाई निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश भएको निवेदनमा आवश्यक छानवीन गर्दा आर्थिक सहायता पाउन योग्य व्यक्तिलाई दफा ३, ४, ५, ६ र ७ मा उल्लेख भए बमोजिमको रकम उपलब्ध गराउन सकिनेछ ।

३. गम्भिर प्रकृतिका विरामीलाई आर्थिक सहायता :

(१) दफा २ को उपदफा (१) बमोजिम निवेदन दिएका व्यक्ति मध्ये दिर्घ रोग लागेका (मृगौला, मुटु, फोक्सो, कलेजो, मस्तिष्क, क्यान्सर लगायतका गम्भिर प्रकृतिका बिरामी) व्यक्तिलाई गाउँपालिका प्रमुखको निर्णय बमोजिम बिरामीको अवस्थाको आधारमा बढीमा रु.५,०००/– सम्म आर्थिक सहायता वापतको रकम उपलब्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) मा उल्लेखित रकम भन्दा बढी रकम आर्थिक सहायता वापत उपलब्ध गराउनु पर्ने देखिएमा गाउँ कार्यापालिकाको निर्णयानुसारको रकम उपलब्ध गराउन सकिनेछ ।

४. घरेलु हिंसा पिडितलाई दिइने सहायता :

(१) विभिन्न कारणले घरेलु हिंसामा परेका बालबालिका, महिला तथा जेष्ठ नागरिकहरुलाई गाउँपालिका प्रमुखको निर्णयानुसार बढीमा रु. ३,०००/– सम्मकोरकम आर्थिक सहायता वापत उपलब्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) मा उल्लेख भए बमोजिमको रकम भन्दा बढी रकम आर्थिक सहायता बापत उपलब्ध गराउनु पर्ने भएमा गाउँ कार्यपालिकाको निर्णयानुसारको रकम आर्थिक सहायता वापत उपलब्ध गराउन सकिनेछ ।

(३) यौन हिंसाबाट आक्रान्त र पीडित एवं बेचविखनमा परेका महिलाहरुको तत्काल उद्धार गरी जीवनयापनको लागि गाउँ कार्यपालिकाको निर्णयानुसार आर्थिक सहायता वापत उपलब्ध गराउने सकिने छ ।

(४) यस दफा बमोजिम पीडितलाई न्याय दिलाउन एवम् पूनःस्थापनाका लागि न्यायिक समिति मार्फत आवश्यक पहल गरिनेछ ।

**५. आर्थिक रुपले विपन्न सुत्केरी महिला, जेष्ठ नागरिक तथा असाहाय अतिविपन्न बालबालिका लगायतका व्यक्तिलाई सहायता :**

(१) सामाजिक आर्थिक प्राकृतिक तथा मानवीय कारणले जोखिममा रहेका नागरिक र बालबालिकाहरुलाई गाउपालिका प्रमुखको निर्णयानुसार बढीमा रु. ३,०००/– सम्मकोरकम आर्थिक सहायता वापत उपलब्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) मा उल्लेखित रकम भन्दा बढी रकम आर्थिक सहायता वापत उपलब्ध गराउनु पर्ने भएका गाउँ कार्यपालिकाको निर्णयानुसारको रकम उपलब्ध गराउन सकिनेछ ।

**६. संस्थागत रुपमा दिइने आर्थिक सहायता :**

(१) गाउपालिकामा विभिन्न कारण देखाई संस्थागत रुपमा आर्थिक सहायता माग गरी परेका निवेदनका सम्बन्धमा आर्थिक सहायता माग गर्नु कारण उपर छानवीन गरी उपलब्ध गराउनु पर्ने भएमा गाउँपालिका प्रमुखको निर्णयानुसार बढीमा रु. ३,०००/– सम्मको रकम आर्थिक सहायता वापत उपलब्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) मा उलेखित रकम भन्दा बढी रकम आर्थिक सहायता वापत उपलब्ध गराउनु पर्ने भएमा गाउँ कार्यपालिकाको निर्णयानुसारको रकम उपलब्ध गराउन सकिनेछ ।

७. जेष्ठ नागरिकलाई सहायता :

(१) दलित, पिछडीएको वर्ग र अल्पसंख्यक ज्येष्ठ विपन्न नागरिकको हकमा ६० वर्ष उमेर पुगेका एकल वा वेवास्तामा परेका नागरिकलाई गाउँपालिका प्रमुखको निर्णयानुसार बढीमा रु. ३,०००/– सम्मको रकम आर्थिक सहायता वापतको उपलब्ध गराउने सकिनेछ ।

(२) उपदफा (१) मा उल्ेख भए बमोजिमको रकम भन्दा बढी रकम आर्थिक सहायता वापत उपलब्ध गराउनु परेमा गाउँ कार्यपालिकाको निर्णयानुसारको रकम उपलब्ध गराउन सकिनेछ ।

## परिच्छेद ३

## विविध

**८. निवेदनको ढाँचा** : (१) दफा (२), (३), (४), (५), (६) र (७) अनुसारको आर्थिक सहायता माग गर्ने निवेदनको ढाँचा अनुसूची (१) र (२) मा तोकिए बमोजिम हुनु पर्नेछ ।

**९. अधिकार प्रत्यायोजन गर्न सकिने** : (१) यस कार्यविधि अनुसार आर्थिक सहायता सम्बन्धी अधिकार गाउँ कार्यपालिका र गाउँपालिका अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१०. आकस्मिक कोष** :

(१) यस कार्यविधि अनुसार उपलब्ध गराईने आर्थिक सहायताका लागि एक आकस्मीक कोषको स्थापना गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम जन्मा गरिनेछ ।

क) गाउँपालिका अन्तर्गतका कार्यालयमा कार्यरत कर्मचारीहरुको प्रति वर्ष प्रति दिन बराबरको रकम कट्टा गरि कट्टा हुन आउने रकम र पदाधिकारीको हकमा प्रति महिना १ दिनका दरले रकम कट्टी गरी हुन आउने रकम,

ख) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकारबाट आकस्मीक कोषको लागि प्राप्त अनुदान,

ग) सरकारी तथा गैरसरकारी संघसंस्थाबाट आकस्मीक कार्य (आर्थिक सहायता, प्रकोप पीडित राहत) को लागि प्राप्त सहयोग वा अनुदान,

घ) आर्थिक सहायता, प्राकृतिक प्रकोप पीडितको उद्धार, राहत तथा पूर्नस्थापनाको लागि प्राप्त जुनसुकै रकम,

ङ) अन्य जुनसुकै तरिकाले आकस्मिक रुपमा प्राप्त हुने रकम ।

(३) उपदफा (१) बमोजिमको कोषको संचालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(४) उपदफा (१) बमोजिमको आकस्मीक कोष सम्बन्धी अन्य व्यवस्था गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**११. आर्थिक सहयोगको सिमा र समयावधि :**

(१) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएतापनि विशेष परिस्थिती बाहेक आर्थिक सहायता उपलब्ध गराउँदा रु. ३०,०००/– भन्दा बढी रकम उपलब्ध गराइने छैन ।

(२) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएतापनि एक पटक आर्थिक सहायता पाएको व्यक्तिलाई १ वर्ष भित्र सोही विषयमा पूनः आर्थिक सहायता दिइनेछैन ।

**१२. बाधा अड्काउ :** (१) यस कार्यविधिमा कुनै समस्या आएमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

अनुसूची –१

मिति : ..................

श्रीमान् गाउँपालिका अध्यक्ष ज्यू,

मायादेवी गाउँपालिका

पकडी, कपिलवस्तु ।

**विषय : आर्थिक सहायता सम्बन्धमा ।**

महोदय,

प्रस्तुत विषयमा म/हामी .............................. रोगले ग्रसित भई उपचार गराई रहेको व्यहोरा अवगत गराउँदछु/छौं । उपचारको लागि म मेरो परिवारको आर्थिक अवस्था नाजुक भएकोले सो को लागि गाउँपालिकाले स्वीकृत गरेको कार्यविधि अनुसारको आर्थिक सहायता उपलब्ध गराई निशुःल्क उपचारको लागि सम्बन्धित निकायमा सिफारिस समेत गरिदिनु हुन तपसिलका कागजातहरु यसै साथ संलग्न राखि पेश गर्दछु/गर्दछौं ।

तपसिल

१. सम्बन्धित व्यक्तिले यसै बमोजिमको ढाँचामा निवेदन दिनु पर्ने,

२. गम्भिर प्रकृतिको रोग हो भनी सम्बन्धित वडाको सिफारिस,

३. नागरिकता/जन्मदर्ता/विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपि,

४. अस्पतालमा भर्ना भएको कागजातहरु र डाक्टरको प्रेस्क्रिप्सन,

५. अन्य आवश्यक कागजातहरु,

निवेदक

| सि.नं. | नाम, थर | ठेगाना | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

# अनुसूची–२

## (विपन्न महिला, बालबालिका र ज्येष्ठ नागरिक लगायतसँग सम्बन्धित)

मिति : ........................

श्रीमान् गाउँपालिका अध्यक्ष ज्यू,

मायादेवी गाउँपालिका

पकडी, कपिलवस्तु ।

**विषय : आर्थिक सहायता सम्बन्धमा ।**

महोदय,

प्रस्तुत विषयमा म/हामीहरुको आर्थिक अवस्था नाजुक रहेको/प्राकृतिक विपतका कारण मेरो/हाम्रो ............................... धनजनको क्षति भएकोले गाउँपालिकाको स्वीकृत कार्यविधि अनुसार तोकिए बमोजिमको आर्थिक सहायता उपलब्ध गराई दिनुहुन तपसिलका बमोजिम कागजातहरु यसै साथ संलग्न राखि पेश गर्दछु/गर्दछौं ।

**तपसिल**

१. सम्बन्ति व्यक्तिले यसै बमोजिमको ढाँचामा निवेदन दिनु पर्ने,

२. गम्भिर प्रकृतिको रोग हो भनी सम्बन्धित वडाको सिफारिस,

३. नागरिकता/जन्मदर्ता/विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपि,

४. अस्पतालमा भर्ना भएको कागजातहरु र डाक्टरको प्रेस्क्रिप्सन,

५. अन्य आवश्यक कागजातहरु,

**निवेदक**

| सि.नं. | नाम, थर | ठेगाना | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची–३

(दफा –१ सँग सम्बन्धित)

मिति : .........................

श्रीमान् गाउँपालिका अध्यक्ष ज्यू,
मायादेवी गाउँपालिका
पकडी, कपिलवस्तु ।

**विषय : आर्थिक सहायता उपलब्ध गराईदिनु हुन ।**

महोदय,

प्रस्तुत विषयमा म/हामीहरुको .................................. भएको ...................... व्यक्ति ................................. भएको व्यहोरा अवगत गराउँदछु/छौं । ............................ को आर्थिक अवस्था नाजुक भएको, तत्काल .................................... गर्न जरुरी रहेकोले .......................... को लागि तहाँ कार्यालयको नियमानुसार आर्थिक सहायता उपलब्ध गराई ....................... समेत गरिदिनु हुन तपसिलका कागजातहरु यसै साथ संलग्न राखि पेश गर्दछु/गर्दछौं ।

तपसिल

१. विपन्नताको सिफारिस तथा प्रमाणित प्रतिलिपि,

२. नागरिकता/जन्मदर्ता/विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपि,

३. ..........................................................................................................
..........................................................................................................

निवेदक

| सि.नं. | नाम, थर | ठेगाना | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |